# जिल्लास्तरिय वार्षिक प्रगति समिक्षा गोष्ठी

## जिविस हल बर्दिया

## २०७२, श्रावण २९ गते

प्रतिवेदन

**कार्यक्रमको नामः** वार्षिक प्रगति समिक्षा

**आर्थिक वर्षः ०७१/७२**

**स्थानः** जिविस सभाकक्ष, गुलरिया वर्दिया

**मितिः** २०७२ श्रावण २९ गते

**आयोजकः** जिल्ला विकास समितिको कार्यालय बर्दिया

**सहभागीहरुः**

प्रमुख जिल्ला अधिकारी बिनोदबहादुर कुँवर, स्थानीय विकास अधिकारी डिल्लीराम सिग्देल, जिल्लाका क्रियाशिल राजनैतिक दलका प्रमुख एवं प्रतिनिधीहरु, प्रमुख कोष नियन्त्रक, जिल्ला स्थीत सरकारी तथा गैह्र सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधीहरु, नागरिक समाज, गैसस महासंघ, पत्रकार महासघंका प्रमुख तथा प्रतिनिधीहरु, विभिन्न उपभोक्ता समितिका पदाधिकारीहरु, अन्य सरोकारवाला, जिल्ला विकास समितिका कर्मचारीहरु, जिल्ला प्राविधिक कार्यालयका कर्मचारीहरु, गाविस सचिवहरु तथा अन्य सर्वसाधारण गरी ६६ जनाको सक्रिय सहभागिता रहेको थियो ।

**कार्यक्रमको उद्देश्यहरुः**

- विकास संग सम्वन्धीत जिल्ला स्थित सम्पुर्ण सरकारी तथा गैह्र सरकारी कार्यालयहरुले ०७१/७२ आर्थिक वर्षमा गरेको वार्षिक वित्तीय तथा भौतिक प्रगतिको समिक्षा गर्ने
- समिक्षामा उठेका सवालहरुमा सुधारकालागि सम्वन्धीत कार्यालयहरुले आगामी वर्षमा प्रयास गर्ने
- सवै कार्यालयहरुले समिक्षा गोष्ठीको राम्रा सिकाईहरुलाई अगिंकार गर्ने ।

**मुख्य कृयाकलापहरुः**

- कार्यक्रममा उपस्थित सवै कार्यालयका कार्यालय प्रमुख तथा प्रतिनिधीहरुवाट आ आफ्नो कार्यालयको आ.व.०७१/७२ को वार्षिक वित्तीय तथा भौतिक प्रगती पावर प्वाइन्टमा प्रस्तुतीकरण ।
- प्रस्तुतीकरण माथी सहभागीहरुवाट जिज्ञासा, छलफल, अन्तरक्रिया तथा सुझाव प्रस्तुत र संकलन ।
- अतिथीहरुवाट सुझाव सहित मन्तव्य व्यक्त ।

**कार्यक्रमको निचोडः**

- आ.व.को अन्त्य तिर प्राप्त वजेट कार्यान्वयनको लागि समयको अभावले गर्दा जिल्लामा प्राप्त विभिन्न सरकारी निकायको ठूलो मात्रामा वजेट फ्रिज भएकोले आगामी वर्षहरुमा समयमै वजेट प्राप्त हुनु पर्ने ।
- नेपालगंजमा कार्यालय रही वर्दिया जिल्लामा समेत कार्यरत कतिपय डिभिजन कार्यालयहरुले समिक्षालाई प्राथमिकता नदिएको हुँदा उक्त कार्यालयहरुलाई कार्यक्रममा सहभागि हुने व्यवस्था गर्ने ।
- समीक्षा कार्यक्रममा कार्यालयले गरेका कार्यहरुको प्रस्तुति गर्न कतिपय कार्यालयहरुबाट प्रतिनिधि आउँदा पुष्ट्याईमा बाधा परेकोले आयन्दा कार्यालय प्रमुख स्वयम् उपस्थित हुनु पर्ने ।
- विषयगत कार्यालयहरुसगंको Alliance वनाएर कार्यक्रम अगाडी लैजाने ।
- I/NGO हरुलाई एकद्धार प्रणालीमा लैजान पहल गर्ने ।